नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
केन्द्रीय कार्यालय, काठमाडौं, नेपाल

२२ पुस २०७७

# अन्तरपार्टी निर्देशन- ६

प्रिय कमरेडहरू ! पार्टी जीवन र राष्ट्रिय राजनीतिमा उत्पन्न असहज अवस्था एवं विशेष परिस्थितिका बीच यही २०७७ पुस ७ - ९ मा सम्पन्न पार्टी केन्द्रीय कमिटीको तेस्रो पूर्ण बैठकका निर्णयहरूलाई यस अन्तरपार्टी निर्देशनमार्फत् सम्प्रेषित गरिएको छ । यसलाई सोही अनुरुप अध्ययन, आत्मसात एवं कार्यान्वयन गर्नुहुन निर्देशित गरिएको छ ।

**१. राष्ट्रिय राजनीतिमा उत्पन्न असहज अवस्था सम्बन्धमा**

२०७४ साल असोज १४ गते तत्कालीन नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)का अध्यक्षहरू बीच वाम गठबन्धन निर्माण गरेर एउटै निर्वाचन घोषणापत्र र साझा उम्मेदवारका साथ आम निर्वाचनमा जाने र निर्वाचन पश्चात् पार्टी एकता गर्ने लिखित सहमति भए बमोजिम त्यसको तीन दिनपछि असोज १७ गते सोही कुराको घोषणा गरिएसँगै राष्ट्रिय राजनीतिमा ठूलो सकारात्मक तरङ्ग सिर्जना भयो । तदनुरुप नै हामी निर्वाचन अभियानमा होमियौं र नेपाली जनताले वाम गठबन्धनमाथि अपार विश्वास प्रदान गरे । पुष्पकमल दहाल 'प्रचण्ड' ले एउटै चुनाव चिह्न 'सूर्य' लिएर निर्वाचन लड्ने लिखित सहमतिलाई २४ घण्टा वित्न नपाउँदै उल्लङ्घन गर्नुभयो, जसले गर्दा लाखौं मत बदर हुनपुग्यो र वाम गठबन्धनको पक्षमा दुई तिहाई बहुमत प्राप्त हुन सकेन । तब पनि लगभग ६४ प्रतिशत सिट सङ्ख्या र ५३ प्रतिशत लोकप्रिय मत प्राप्त हुनु नेपालको कम्युनिष्ट आन्दोलनको ऐतिहासिक सफलता थियो ।

तर निर्वाचन परिणाम प्राप्त हुनासाथ राष्ट्रिय राजनीतिलाई जनादेश अनुरुप अगाडि बढाउन विभिन्न वाधा अड्चन सिर्जना गर्न थालियो । निर्वाचन परिणाम घोषणा गर्न अनावश्यक विलम्ब गराइयो, पुष्पकमल दहाल 'प्रचण्ड' ले वाम गठबन्धनको नैतिक बन्धन चुँडाउँदै नेपाली काङ्ग्रेसले सँग मिलेर आफ्नो नेतृत्वमा सरकार बनाउने अस्वभाविक र अनैतिक प्रयाश गर्नुभयो । तर संघीय समाजवादी फोरम लगायत केही राजनीतिक दलहरूको अडानले गर्दा सबैभन्दा ठूलो दललाई बाहिर राखेर सरकार बनाउने प्रयाश असफल भयो र २०७४ साल फागुन ३ गते पार्टी अध्यक्ष कमरेड केपी शर्मा ओलीको नेतृत्वमा नयाँ सरकार गठन भयो । तर 'प्रचण्ड' ले आफ्नो पार्टीलाई सरकारमा सहभागी हुन दिनु भएन । २०७४ साल फागुन ७ गते 'आलोपालो' प्रधानमन्त्रीको सहमतिपछि मात्रै उहाँ सरकारमा सहभागी हुन सहमत हुनुभयो ।

सरकारले सुरुदेखि नै संविधान र सङ्घीयताको कार्यान्वयन, आर्थिक विकास र समृद्धि एवं राष्ट्रिय स्वाभिमानको रक्षा एवं सुदृढीकरणमा ध्यान केन्द्रित गर्‍यो । तदनुरुप महत्वपूर्ण कामहरू तीव्र रुपमा अगाडि बढ्न थाले । संविधानमा प्रत्याभूत गरिएका मौलिक हक कार्यान्वयनका लागि नयाँ कानुनहरू



• धुम्बाराही: फोन: +९७७ १ ४३७८०५५, ४३७८०९०, फ्याक्स: +९७७ १ ४०१५९८० • पेरिसडाँडा: फोन: +९७७ १ ४६०२२९०, ४६०२२८८, फ्याक्स: +९७७ १ ४६०२२८९
पोष्टबक्स नं. ५४७१, ईमेल : info@ncp.org.np, वेबपेज: www.ncp.org.np

निर्माण, वित्तीय, प्रशासनिक र कानुनी प्रबन्धसहित सङ्घीयताको सुदृढीकरण र मुलुकको अन्तर्राष्ट्रिय सम्बन्ध विकास, विस्तार र सुदृढीकरणको दिशामा सरकारले जनतामा आशा र भरोसा जगाउँदै गरेको महत्वपूर्ण काम पार्टीका कतिपय नेताहरूलाई पाच्य भएन । उहाँहरू कहिले मुलुकबाहिर गएर सरकार लामो समय जाँदैन भन्ने सन्देश दिने, कहिले संसदमा देश डुब्न लाग्यो भन्दै प्रतिपक्षलाई उछिनेर सरकारको विरोधमा उत्रिने अस्थिरताका गतिविधिहरूमा सक्रिय हुन थाल्नुभयो । आफ्नो काँधमा आएको ऐतिहासिक अभिभारा बहन गर्ने गरी पार्टीलाई सामाजिक-आर्थिक रुपान्तरणको संवाहक बनाउन छाडेर पार्टी संयन्त्रलाई सरकारकै विरोधमा दुरुपयोग गर्ने दुष्प्रयास गर्नुभयो । सरकारको सकारात्मक कामहरूको प्रचार नगर्ने, सरकारको प्रतिरक्षा नगर्ने, जनप्रतिनिधिहरूलाई सही मार्गदर्शन नगर्ने यस्ता गतिविधिले पार्टीमा क्रमशः अन्तरविरोधहरू सुरु हुँदै ती झ्याँगिन पुगे । समस्या समाधानका लागि विभिन्न समयमा विभिन्न प्रयाशहरू गरिए पनि ती दिगो हुन सकेनन् । यस सन्दर्भमा २०७६ मङ्सिर ४ गते केन्द्रीय सचिवालयबाट गरिएको दुई अध्यक्षको कार्यविभाजन र सरकार पाँच वर्ष चल्ने गरी गरिएको सहमति उल्लेखनीय छ । तर कामहरू त्यस अनुरुप अगाडि बढेनन् । सहमति अनुरुप नै अध्यक्ष कमरेड केपी शर्मा ओलीले क्रमशः आफूलाई सरकारमा केन्द्रित गर्दै बैठकहरूको अध्यक्षता गर्न छाडिदिनु भयो तर पुष्पकमल दहाल ‘प्रचण्ड’ ले भने त्यस निर्णयलाई आफ्नो स्वार्थमा दुरुपयोग गर्न थाल्नुभयो । कार्यकारी अध्यक्षको हैसियतमा पार्टीभित्रका अन्तरविरोधहरूको सकारात्मक समाधान खोज्ने, असन्तुष्टिहरूको संवोधन गर्ने र पार्टी एकतालाई सुदृढ गर्नुको साटो केन्द्रीय सचिवालयमा आफ्नो गुटको स्थायी समीकरण निर्माण तथा त्यसै मार्फत् प्रधानमन्त्री विरुद्ध घेराबन्दीका गतिविधिहरूलाई तीव्र पार्नुभयो । अवस्था यस्तो भयो कि, ‘कोर अफ द लिडरसिप’ भनिने केन्द्रीय सचिवालयमा सदस्यहरूले आफ्नो स्वविवेक, स्वतन्त्र विचार र सिर्जनात्मक छलफल, बहसमा सहभागी हुने वातावरण नै बनेन । सचिवालय खास ठाउँमा आयोजित गुटगत भेलामा गरिएका कथित निर्णयहरूलाई अनुमोदन गर्ने, अन्यथा अन्त्यहीन कचिङ्गल र विवादको थलो बन्न पुग्यो । एकातिर मुलुक कोरोना महामारीबाट आक्रान्त भएको अवस्था छ । नेपालका कालापानी, लिपुलेक र लिम्पियाधुरा समेत समेटेर नयाँ नक्सा प्रकाशन गरेपछि उत्पन्न परिस्थितिलाई राष्ट्रिय सहमति र एकताको बलमा समाधान गर्नु पर्ने छ । विकास निर्माणलाई तीव्रता दिँदै जनताका अपेक्षा पूरा गर्नु पर्ने दायित्व छ । तर राज्य सञ्चालन गर्ने अभिभारा पाएको पार्टीको नेतृत्वदायी निकायको एउटा हिस्सा कहिले सोफाको आकार र टेबुलपोसको रङ्गमा, कहिले नेताहरूको मर्यादाक्रम र सम्मानको विषयमा, कहिले आफ्ना मान्छेको नियुक्ति र उन्मुक्तिको विषयमा अल्झेको अल्झ्यै छ । सरकारले लिएको राष्ट्रियताको अडानलाई सिङ्गो देशले समर्थन गर्छ, तर आफ्नै पार्टीका नेताहरूबाट त्यस अभियानलाई कमजोर गर्ने निरन्तरका गतिविधि भईरहन्छन् । पार्टी लामो समय देखि यस्तो विरोधाभाषपूर्ण अवस्थाबाट गुज्रिँदै गयो ।

अध्यादेश प्रकरणपछि जटिल बनेको पार्टीको आन्तरिक समस्या समाधानका लागि पार्टीको केन्द्रीय सचिवालयले गतः साउनमा कार्यदल गठन गर्‍यो । कार्यदलका कमरेडहरूले निकै मिहेनत गरेर



• धुम्बाराहीः फोनः +९७७ १ ४३७८०५५, ४३७८०९०, फ्याक्सः +९७७ १ ४०१५९८० • पेरिसडाँडाः फोनः +९७७ १ ४६०२२९०, ४६०२२८८, फ्याक्सः +९७७ १ ४६०२२८९
पोष्टबक्स नं. ५४७१, ईमेल : info@ncp.org.np, वेबपेजः www.ncp.org.np

समाधानका उपायहरू सहितको प्रतिवेदन प्रस्तुत गर्नुभयो । पार्टीमा विद्यमान समस्याहरूको समाधान एकता महाधिवेशनबाट खोज्ने, सरकार जनादेश अनुसार पूरै कार्यकाल सञ्चालन हुने कुरा सुनिश्चित गर्ने र अध्यक्ष पुष्पकमल दहाल 'प्रचण्ड' लाई कार्यकारी भूमिकामा पार्टी सञ्चालनको जिम्मेवारी दिने मुख्य व्यवस्थासहितको स्थायी कमिटीको चौथो बैठकले सर्वसम्मत रुपमा गरेका निर्णयहरूले पार्टीमा सकारात्मक उत्साह र आत्मविश्वास सिर्जना गरेको थियो ।

तर भोलिपल्टबाटै समस्याहरू पुनः बल्झिन थाले । 'प्रचण्ड' ले 'किन झुकेर सहमति गरेको ?' भन्दै गुनासो गर्न गएका समीकरणका अन्य नेता र पार्टी एकता मन नपराउनेहरूको भेलामा 'यो त अस्थायी युद्धविराम मात्रै हो, शक्ति सञ्चयका साथ पुनः सरकार ढाल्ने तयारी गरिन्छ' भन्ने आशयका अभिव्यक्ति दिन थाल्नु भयो । मन्त्रिपरिषद् पुनर्गठनका लागि बसेका दुई अध्यक्षका अनेकौं बैठकहरू बिना निष्कर्ष टुङ्गिए । किनभने 'प्रचण्ड' को मनशाय पुनर्गठनको बहानामा मन्त्रिपरिषद्का वरिष्ठ र क्षमतावान साथीहरूलाई हटाउने, पार्टी एकताका लागि भूमिका खेलेका साथीहरूलाई मन्त्री परिषदमा सामेल नगर्ने, पञ्छाउने र प्रधानमन्त्रीलाई अप्ठ्यारोमा पार्ने मात्रै देखियो । यहाँसम्म कि रिक्त मन्त्रालयमा पदपूर्ति गरेर अन्योल हटाउने विषयमा भएको सहमतिलाई पनि पछि विरोध गर्न थाल्नु भयो ।

अवस्था कस्तो भयो भने, संवैधानिक आयोगहरूमा पद रिक्त भएको ३ वर्ष हुन थाल्यो, तर नियुक्ति हुन दिइँदैन । सभामुख जस्तो दलीय आबद्धताबाट मुक्त हुनु पर्ने व्यक्तिलाई समेत दबाब दिएर संवैधानिक परिषद् बैठकमा जानबाट रोकिन्छ । विपक्षी नेतालाई पनि नजान लबिङ गरिन्छ । नियुक्तिहरूलाई योग्यता क्षमताका आधारमा होइन, पक्षधरताका आधारमा अगाडि बढाउन दबाब दिइन्छ । सहमतिमा अगाडि बढाइएका अन्य नियुक्तिहरूमा समेत अन्त्यहीन किचलो हुन्छ । संसदमा सरकारले पेश गरेका कैयौं विषय जबर्जस्ती रोकेर राखिन्छ, सांसदहरूलाई छलफल गर्ने र स्वतन्त्र ढङ्गले निर्णय गर्ने अवसरबाट बञ्चित गरिन्छ । मित्र राष्ट्रहरूसँगका सम्बन्धमै आँच पुग्ने अमर्यादित भाषा शैलीमा वक्तव्य, अन्तरवार्ता र प्रस्तुतिहरू हुन्छन् । कतिपय नेताहरूको काम केबल सरकारको विरोध र मुख्य नेतृत्वको निन्दा गर्ने मात्र हुन्छ । बैठकहरूका लागि कार्यसूची निर्धारण, निर्णय प्रस्ताव तयारी र निर्धारित समयमा बैठक सक्याउने कार्यतालिका बन्दैन । कि बैठक बस्नै नसक्ने, बसेमा पनि अत्यन्त अव्यवस्थित, अमर्यादित र परिणामविहीन अवस्थामा पुग्छ । पार्टी र सरकारको मूल्यवान समय यसै गरी खेर गइरह्यो ।

बैठकका लागि कार्यसूची निर्धारण गरौं, पार्टीको वैधानिक व्यवस्था अनुरुप सहमतिमा प्रस्ताव तयार गरौं र पार्टीलाई गतिशील बनाऔं भन्ने अध्यक्ष कमरेड केपी शर्मा ओलीको बारम्बार आग्रहका बाबजुद कार्तिक २२ गते सचिवालयका केही कमरेडहरूले सामूहिक हस्ताक्षर गरेर पत्र बुझाउनु भयो । पार्टीमा गुटबन्दी संस्थागत भएको यो विषय निकै गंभीर थियो । अध्यक्ष कमरेड केपी शर्मा ओलीले यसको गाम्भीर्यप्रति ध्यानाकर्षण गर्दै यस्ता गतिविधि नगर्न र पार्टीलाई सहज अवस्थामा लैजान नेताहरूलाई



• धुम्बाराही: फोन: +९७७ १ ४३७८०५५, ४३७८०९०, फ्याक्स: +९७७ १ ४०१५९८० • पेरिसडाँडा: फोन: +९७७ १ ४६०२२९०, ४६०२२८८, फ्याक्स: +९७७ १ ४६०२२८९
पोष्टबक्स नं. ५४७१, ईमेल : info@ncp.org.np, वेबपेज: www.ncp.org.np

आग्रह गर्नुभयो र विधानको व्यवस्था अनुरुप महासचिव कमरेडलाई बैठक बोलाउन निर्देशन दिनुभयो । सोही अनुरुप कार्तिक २८ गते सचिवालयको बैठक आयोजना भयो । तर उक्त बैठकमा पुष्पकमल दहाल 'प्रचण्ड' ले अप्रत्यासित रुपमा, बिना कुनै पूर्व सूचना, 'प्रस्ताव' का नाममा प्रधानमन्त्री विरुद्ध 'अभियोग-पत्र' पेश गर्नुभयो । भाषिक हिसाबले असाध्यै अमर्यादित, शैलीको हिसाबले अत्यन्त अशिष्ट र पूर्वाग्रही एवं विषय-बस्तुका हिसाबले विभाजनकारी, विध्वंशात्मक र पार्टीभित्रको मित्रवत् अन्तरविरोधलाई शत्रुतापूर्ण अन्तरविरोधमा बदलेको उक्त 'प्रस्ताव' को वितरणसँगै पार्टी गंभीर सङ्कटमा धकेलिन पुग्यो । नेताहरू त्यत्तिमै रोकिनुभएन, आफ्नो पार्टी अध्यक्ष विरुद्ध पार्टी विधानमात्र होइन, मुलुकको संविधान र कानुन आकर्षित हुने फौजदारी प्रकृतिका आरोप लगाइएको उक्त अभियोगपत्रलाई पार्टी केन्द्रीय कार्यालय र लोगोको दुरुपयोग गर्दै राष्ट्रव्यापी वितरण गरेर पार्टीमा विभाजनको आगो सल्काउने काम गर्नुभयो । परिणामतः उक्त आरोप पत्र पार्टी विभाजनको आधार पत्र बन्न पुगेको छ । कमरेड केपी शर्मा ओलीले आफू विरुद्ध प्रस्तुत गरिएको उक्त आधारहीन, पूर्वाग्रही, प्रतिशोधपूर्ण र शत्रुतापूर्ण अभियोगको सविस्तार खण्डन गर्दै त्यसलाई खारेज गरिसक्नु भएको छ ।

पार्टीमा विभाजनको आधार तयार गर्ने उद्देश्यका साथ प्रस्तुत गरिएको उक्त विद्वेषकारी, प्रतिशोधी र दुराशययुक्त प्रस्तावलाई फिर्ता लिएर पार्टीलाई सहज वातावरणमा फर्काउन र पार्टी एकतालाई जोगाउन अध्यक्ष कमरेड केपी शर्मा ओली र अन्य कमरेडहरूले पटक-पटक अनेकौं प्रयाश गर्नुभयो । अध्यक्षले आगामी महाधिवेशनबाट पार्टी नेतृत्व हस्तान्तरण गर्ने र आगामी निर्वाचनपछि सरकारको नेतृत्व नगर्ने गरी नेतृत्वको सहज हस्तान्तरणको मार्गचित्र अगाडि सारिसक्नुभएको थियो । यसका लागि सीमित प्रतिनिधित्व र नेतृत्व परिवर्तनको म्याण्डेट सहितको 'एकताको विशेष महाधिवेशन' यथाशीघ्र आयोजना गर्न 'प्रचण्ड' लाई आग्रह गर्नुभयो । त्यसरी नै आफूहरू पटक-पटक सरकारको नेतृत्वमा गइसकेको हुँदा पार्टी उपाध्यक्ष कमरेड वामदेव गौतमलाई यो जिम्मेवारी दिनु न्यायोचित हुने विश्लेषणका साथ यसका लागि अनुकूल वातावरण बनाउन स्थायी कमिटीको बैठकमा औपचारिक प्रस्ताव राख्नुभयो । तर छद्म संझौता गरेर जसरी पनि पार्टी र सरकारको नेतृत्व हत्याउन उद्यत् कमरेडहरूलाई पार्टी एकता कायम रहने, सबैको आत्मसम्मान हुने र पार्टीको सङ्कट समाधान हुने यी प्रस्तावमा कुनै रुचि भएन । उहाँहरू अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीलाई दुबै पदबाट बर्खास्त गर्ने भित्री अभियानमा लागिरहनु भयो । यसैको पूर्वाभ्यास थियो, पार्टी या संसदीय दलको कुनै संस्थागत निर्णय बिनै, पार्टीका अध्यक्ष एवं दलका नेता र उपनेता कसैलाई थाहै नदिई, स्थायी कमिटी बैठक बसिरहेकै बेला, संसद अधिवेशन बोलाउन अधिकांश सांसदहरूको फर्जि हस्ताक्षरसहित राष्ट्रपतिसमक्ष प्रस्तुत गरिएको समावेदन । वस्तुतः पार्टी विभाजनको औपचारिक प्रयाश उहाँहरूका यस्तै क्रियाकलापबाट भएको थियो ।

कमरेडहरूले प्रथम अध्यक्ष कमरेड केपी शर्मा ओलीलाई अध्यक्ष पदबाट हटाउने प्रस्ताव पार्टीको केन्द्रीय सचिवालय, स्थायी कमिटी वा केन्द्रीय कमिटीमा निर्णयार्थ प्रस्तुत गर्ने आँट गर्नुभएन । त्यसैगरी उहाँहरूले संसदीय दलको नेता परिवर्तन गरेर प्रधानमन्त्री परिवर्तन गर्ने सहज वैधानिक बाटो



• धुम्बाराहीः फोनः +९७७ १ ४३७८०५५, ४३७८०९०, फ्याक्सः +९७७ १ ४०१५९८० • पेरिसडाँडाः फोनः +९७७ १ ४६०२२९०, ४६०२२८८, फ्याक्सः +९७७ १ ४६०२२८९
पोष्टबक्स नं. ५४७१, ईमेल : info@ncp.org.np, वेबपेजः www.ncp.org.np

अवलम्बन गर्ने आँट गर्नु भएन । पार्टी तथा संसदका ती संरचनाहरू आफ्ना निजि स्वार्थ केन्द्रीत महत्वाकाँक्षाका लागि सहयोगी बन्ने संभावना नदेखे पछि अँध्यारो कोठामा बसेर फर्जि हस्ताक्षर सहितको अविश्वासको प्रस्ताव तयार गर्न र संसदमा दर्ता गर्न उद्दत हुनुभएको हो भन्ने कुरा छर्लङ्ग छ ।

पुस १ गते बसेको स्थायी कमिटी बैठकले संवैधानिक परिषद् सम्बन्धी अध्यादेश फिर्ता लिने, सहमतिका आधारमा संवैधानिक अंगहरूमा नियुक्ति प्रकृया अघि बढाउने र समावेदनको निवेदन फिर्ता लिने निर्णय गरेको थियो । पुस ५ गतेको बैठक अगावै सहमति खोज्ने अन्तिम प्रयाश स्वरुप कमरेड केपी शर्मा ओली पुस ४ गते 'प्रचण्ड' निवास, खुमलटारमै पुगेर दुराग्रहयुक्त प्रस्ताव फिर्ता लिन, पार्टीको विशेष महाधिवेशनको तयारी गर्न र कमरेड वामदेव गौतमलाई प्रतिनिधिसभामा ल्याउने निर्णयका लागि सहयोगी बन्न बारम्बार आग्रह गर्नुभयो । तर कमरेड 'प्रचण्ड' ले यी सबै प्रस्तावलाई अस्वीकार गर्दै तत्काल राजिनामा गर्नु पर्ने हठ गरिरहनु भयो । एकातिर अरु कमरेडहरूको ध्यान बैठकमा अल्झाइरहने र अर्कातिर प्रधानमन्त्री विरुद्ध अविश्वासको प्रस्ताव तयार गर्ने उहाँहरूको कुटिल योजना त्यतिबेला सार्वजनिक भयो, जतिबेला उहाँहरू पुस ५ गते अविश्वासको प्रस्तावका लागि सांसदहरूको फर्जि हस्ताक्षर लिएर संसद सचिवालय तीर कुद्न थाल्नु भयो ।

यस्तो असहज, जटिल र षडयन्त्रपूर्ण परिस्थिति निर्माण भएपछि अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीले पुस ५ गते प्रतिनिधिसभा विघटन गरेर २०७८ बैशाख १७ र २७ गते नयाँ निर्वाचनका लागि सिफारिस गर्नुभयो, जुन सिफारिस कार्यान्वयनमा आइसकेको छ ।

पृष्ठभूमिमा उल्लेखित यी घटनाक्रमबाट हामी सजिलै निष्कर्षमा पुग्न सक्छौं- यस परिस्थिति निर्माणका लागि 'प्रचण्ड' को सके पार्टी र सरकारको नेतृत्व कब्जा गर्ने, नभए पार्टी विभाजन गर्ने विभाजनकारी र विध्वंशकारी मनशाय मुख्य रुपमा जिम्मेवार छ । पार्टी नेतृत्व परिवर्तनका लागि ४ महिनापछि हुने महाधिवेशन कुर्न नसक्ने र प्रधानमन्त्री परिवर्तनका लागि अर्को जनादेश पर्खिन नसक्ने उहाँहरूमा अन्तर्निहित अलोकतान्त्रिक चरित्रले यसमा निर्णायक भूमिका खेलेको छ । राजनीतिलाई पद, पैसा र परिवारको हितका रुपमा मात्रै बुझ्ने स्वार्थी चिन्तनले यसमा काम गरेको छ ।

प्रतिनिधिसभा विघटनसँगै मुलुक नयाँ परिस्थितिमा प्रवेश गरेको छ । संविधान र सङ्घीय लोकतान्त्रिक गणतन्त्रका विरोधी शक्तिहरूले यसबाट अनुचित लाभ उठाउन सकिन्छ कि भनेर प्रयाश गर्ने छन् । प्रतिनिधिसभा विघटनको निर्णयसंग असहमत नेपाली काङ्ग्रेस लगायतका लोकतान्त्रिक प्रणालीमा विश्वास राख्ने राजनीतिक दलहरू क्रमशः निर्वाचन उन्मुख हुने छन् । तसर्थ निर्वाचनलाई सुनिश्चित गर्नु र त्यस निर्वाचनमा पार्टीको प्रभावलाई सुदृढ गर्नु हाम्रा सामुको प्रमुख जिम्मेवारी हुने छ ।



• धुम्बाराहीः फोनः +९७७ १ ४३७८०५५, ४३७८०९०, फ्याक्सः +९७७ १ ४०१५९८० • पेरिसडाँडाः फोनः +९७७ १ ४६०२२९०, ४६०२२८८, फ्याक्सः +९७७ १ ४६०२२८९
पोष्टबक्स नं. ५४७१, ईमेल : info@ncp.org.np, वेबपेजः www.ncp.org.np

**२. केन्द्रीय कमिटीको विस्तार सम्बन्धमा**

तत्कालीन नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बीच २०७५ साल जेठ ३ गते पार्टी एकीकरण भई बनेका केन्द्रीय कमिटी लगायत पार्टीका सबै संरचनाहरू अन्तरिम प्रकृतिका थिए । यसबीचको पार्टीको मुख्य साङ्गठनिक कार्यभार एकीकरणका कामहरूलाई यथाशीघ्र सम्पन्न गरी निर्धारित दुई वर्षभित्र एकता महाधिवेशन सम्पन्न गर्नु र महाधिवेशनबाट निर्वाचित नेतृत्वलाई जिम्मेवारी हस्तान्तरण गर्नु थियो । हामीले तदनुरुप विभिन्न निर्णयहरू गर्दै आएको तथ्यसँग कमरेडहरू परिचित नै हुनुहुन्छ । सुरुमा ३ महिनाका लागि तोकिएको अवधिभित्र पार्टी एकीकरणका कामहरू अगाडि बढ्न सकेनन् । पटक-पटक यो समयावधि बढाउने क्रममा केन्द्रीय कमिटीको दोस्रो बैठक (माघ २०७६) र स्थायी कमिटीको चौथो बैठक (जेठ-भदौ २०७७) ले दिएका क्रमशः एक महिना र १५ दिनका समयसीमाहरू पनि त्यत्तिकै बितेर गए । पछिल्लो समय पार्टी केन्द्रीय सचिवालयले पार्टी एकीकरणका बाँकी काम सम्पन्न गर्ने बिषयमा लिखित प्रस्ताव ल्याउन अध्यक्ष ‘प्रचण्ड’ लाई १० दिनको समयसीमा तोकिदिएको थियो । तर यस दिशामा कुनै पनि काम अगाडि बढेन ।

केन्द्रीय कमिटीको दोस्रो बैठकले पार्टीको एकता महाधिवेशन २०७७ चैतको अन्तिम साता गर्ने निर्णय गरेको थियो र त्यही निर्णयमाथि आधारित भएर स्थायी कमिटीको चौथो बैठकले २०७७ चैत २५-३० मा काठमाडौँमा एकता महाधिवेशन सम्पन्न गर्ने तय गरेको थियो । तर गतः वर्ष मङ्सिरबाट कार्यकारी जिम्मेवारी पाउनु भएका अध्यक्ष पुष्पकमल दहाल ‘प्रचण्ड’ बाट पार्टी एकीकरणका बाँकी काम समयभित्रै सम्पन्न गर्ने, महाधिवेशनको तयारी गर्ने र पार्टीमा आन्तरिक एकता सुदृढ गर्दै पार्टीलाई देश र जनताले सुम्पेको अभिभारा बहन गर्ने गरी कुनै पहल भएन । उल्टै, पार्टीको केन्द्रीय सचिवालयलाई समीकरण, ध्रुवीकरण र स्थायी गुटबन्दीको शिकार बनाएर सिङ्गो पार्टीलाई अकर्मण्य, दिशाहीन, निष्प्राण र क्षयोन्मुख बनाउँदै विघटनको दिशामा लैजाने प्रयाशहरू घनीभूत भए । देश र जनतासामु उपस्थित समस्याको समाधानका लागि अग्रणी शक्तिका रुपमा काम गर्नु पर्ने, इतिहासले सुम्पेको युगीन अभिभारालाई पूरा गर्न सक्षम बन्नु पर्ने पार्टीलाई न जनसरोकारका प्रश्नमा परिचालन गर्ने काम भयो, न पार्टी पंक्तिलाई तीनै तहका सरकारले गरेका सकारात्मक कामहरूको स्वामित्व लिएर जनताका बीचमा स्थापित गर्ने जिम्मेवारी दिइयो । न त पार्टी आफ्ना नियमित संगठनात्मक र वैचारिक काममै केन्द्रित हुन पायो ।

यिनै पृष्ठभूमिमा, पार्टी विधान, आवश्यकताको सिद्धान्त र प्रथम अध्यक्षका हैसियतले आफूमा निहित अधिकार प्रयोग गरी कमरेड केपी शर्मा ओलीले २०७७ साल पुस ६ गते केन्द्रीय कमिटी विस्तार गर्नु भएको छ । पुस ७ मा सुरु भई ९ गते समापन भएको केन्द्रीय कमिटीको तेस्रो पूर्ण बैठकले कमिटी विस्तारका लागि कमरेड अध्यक्षले प्रस्तुत गर्नुभएको आधारहरूलाई समर्थन गर्दै कमिटी विस्तारको निर्णयलाई अनुमोदन गरेको छ ।



• धुम्बाराहीः फोनः +९७७ १ ४३७८०५५, ४३७८०९०, फ्याक्सः +९७७ १ ४०१५९८० • पेरिसडाँडाः फोनः +९७७ १ ४६०२२९०, ४६०२२८८, फ्याक्सः +९७७ १ ४६०२२८९
पोष्टबक्स नं. ५४७१, ईमेल : info@ncp.org.np, वेबपेजः www.ncp.org.np

कमिटी विस्तार गरिए पनि पुष्पकमल दाहाल 'प्रचण्ड'लाई कार्यकारी भूमिकाबाट मुक्त गरेर दोस्रो वरीयताको अध्यक्षमा कायम राख्ने बाहेक पार्टीबाट कसैलाई कार्बाही गरिएको छैन । पार्टी कानुनी र औपचारिक रुपमा एक छ र व्यक्तिहरूका भूमिकासँगै आगामी दिनमा आवश्यक निर्णय लिइने छ ।

विस्तारित केन्द्रीय कमिटीका काँधमा मुख्यतया दुईवटा अभिभाराहरू छन् । पहिलो, आगामी २०७७ साल बैशाख १७ र २७ सम्पन्न हुने आम निर्वाचनमा सिंगो पार्टीको सफल परिचालन गर्दै उत्साहजनक नतिजा हासिल गर्ने र पार्टीलाई विजयी बनाउने । दोस्रो, अर्को वर्षका लागि तय भएको पार्टीको महाधिवेशन सफलतापूर्वक सम्पन्न गर्ने र निर्वाचित कमिटीलाई नेतृत्व हस्तान्तरण गर्ने । विस्तारित केन्द्रीय कमिटीमा समावेश हुनुभएका सबै कमरेडहरूलाई हार्दिक बधाइ तथा सफल कार्यकालका लागि शुभकामना छ ।

### ३. प्रतिनिधिसभा विघटन र नयां निर्वाचनका सन्दर्भमा

पार्टीभित्रैबाट भइरहेको लगातारको असहयोग, घेराबन्दी र षडयन्त्रको पृष्ठभूमिमा प्रधानमन्त्रीज्यू प्रतिनिधिसभा विघटन गर्ने निष्कर्षमा पुग्न बाध्य हुनुभयो । तदनुरुप मन्त्रिपरिषद्को सिफारिसमा प्रतिनिधिसभा विघटन भएर सम्माननीय राष्ट्रपतिज्यूबाट आगामी २०७८ बैशाख १७ र २७ गते दुई चरणमा निर्वाचन हुने घोषणा समेत भइसकेको छ ।

यसबीचमा केही नेताहरूबाट पार्टी र सरकारको अन्तरसम्बन्धका बारेमा भ्रमपूर्ण प्रचार गर्दै सरकार स्वेच्छाचारी भएको र पार्टीको आदेश पालना नगरेको आरोप लगाइएको छ । हाम्रा सबै प्रबन्धहरू संविधानसम्मत र विधिमा आधारित हुनु जरुरी छ । हाम्रो प्रणाली परम्परागत कम्युनिष्ट शासन प्रणालीभन्दा पृथक छ । सरकारका लागि पार्टीको नीतिगत निर्देशनको पालना अनिवार्य छ, तर उसले मुलुकको संवैधानिक प्रबन्ध र कानुनी व्यवस्थाका आधारमा सापेक्ष स्वायत्तताका साथ काम गर्छ । प्रधानमन्त्री/मन्त्रीहरूले पार्टी विधानप्रति प्रतिवद्ध भएर मात्र पुग्दैन, उनीहरूले मुलुकको संविधान र कानुनप्रति उत्तरदायी हुनु पर्दछ । यस व्यवस्थालाई नबुझी या बुझ पचाएर गरिएका आलोचना निराधार छन् ।

प्रतिनिधिसभा विघटन विरुद्ध संवैधानिक इजालसमा परेको मुद्दा विचाराधीन भए पनि हाम्रो पार्टी यस निर्णयको संवैधानिक र कानुनी वैधताका बारेमा स्पष्ट छ । २७५ सदस्य रहेको प्रतिनिधिसभामा १७५ सदस्यसहित ६४ प्रतिशत बहुमत कमाण्ड गर्ने नेपाल कम्युनिष्ट पार्टी (नेकपा) र त्यसको संसदीय दलको सर्वसम्मत नेता कमरेड केपी शर्मा ओलीलाई प्राप्त दलको विश्वास खण्डित नभएको अवस्थामा प्रतिनिधिसभाबाट अर्को सरकार बन्ने कुनै संभावना थिएन । त्यस्तो बहुमत प्राप्त प्रधानमन्त्रीले आफूलाई काम गर्न असहयोग भयो, म ताजा जनादेशमा जान्छु भन्दा त्यसलाई अलोकतान्त्रिक देख्नु भनेको वास्तवमा नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहेको संवैधानिक



• धुम्बाराहीः फोनः +९७७ १ ४३७८०५५, ४३७८०९०, फ्याक्सः +९७७ १ ४०१५९८० • पेरिसडाँडाः फोनः +९७७ १ ४६०२२९०, ४६०२२८८, फ्याक्सः +९७७ १ ४६०२२८९
पोष्टबक्स नं. ५४७१, ईमेल : info@ncp.org.np, वेबपेजः www.ncp.org.np

प्रावधानलाई अस्वीकार गर्नु हो । पार्टीहरू आफ्ना घोषणापत्र लिएर जनताको बीचमा जानु, जनताले विश्वास गरेका दल या दलहरूले सरकार बनाउनु, सरकारले निर्धारित कार्यावधि निर्वाध ढङ्गले काम गर्नु र उनीहरूले गरेका काम सही भएको नभएको अन्तिम फैसला सार्वभौम जनताले नयाँ निर्वाचनमार्फत् गर्नु- हामीले खोजेको स्वस्थ लोकतान्त्रिक प्रणाली यही हो । सरकारका कामलाई जनताले समर्थन गर्नु, तर केही नेताहरूका अतृप्त महत्वकाङ्क्षाका कारण सरकार सधैंभरि अस्थिर या अकर्मण्य भइरहन वाध्य हुनु- यस्तो स्थिति किमार्थ लोकतान्त्रिक अभ्यास होइन ।

दुई तिहाई समर्थन प्राप्त पार्टीले निर्धारित समयभन्दा डेढ वर्ष अगावै ताजा जनादेशमा जानु पर्ने वाध्यात्मक अवस्था निश्चय नै सहज विषय होइन । तर यदि जनादेश अनुसार सरकारले काम गर्न पाउँदैन भने, राष्ट्रिय हितका लागि अविचलित अडान लिएर राष्ट्रियताको पक्षमा उभिए बापत् अवरोध हुन्छ भने, सामाजिक सद्भाव र राष्ट्रिय एकतालाई खल्बल्याउने प्रयाशलाई निस्तेज गरे बापत् अगाडि बढ्न चुनौती खडा हुन्छ भने, समृद्धिका सपना व्युँझाए बापत्, जनतामा आशावाद जगाए बापत् र सोही दिशामा अगाडि बढे बापत् घेराबन्दी हुन्छ भने घेराबन्दी तोडेर सार्वभौम जनतासमक्ष पुग्नु स्वाभाविक र लोकतान्त्रिक अभ्यास नै हो । बरु केही सीमित नेताहरूको निहित स्वार्थका लागि अनुचित सम्झौता गर्दै गएको भए या पहलकदमी गुमाएर राष्ट्र, जनता र आन्दोलनको भविष्य आत्मकेन्द्रित, स्वार्थप्रेरित र गलत बाटो हिंडिरहेका नेताहरूका हातमा सुम्पिने स्थिति बनेको भए स्थिति थप चुनौतीपूर्ण हुन सक्थ्यो ।

राष्ट्रपति र न्यायालय जस्ता संस्थाहरू आ-आफ्नो ठाउँमा क्रियाशील रहेको, राष्ट्रियसभा जस्तो स्थायी सदन कायम नै रहेको, प्रदेशसभा, प्रदेश सरकार र स्थानीय तहहरू सक्रिय भूमिकामा रहेको वर्तमान अवस्था जनप्रतिनिधिविहीन अवस्था होइन । अहिले प्रतिनिधिसभा मात्र विघटन भएको हो, जो नयाँ निर्वाचनमार्फत् ४ महिनापछि स्थापित हुने नै छ । त्यसैले लोकतान्त्रिक प्रणालीमाथि नै सङ्कट आउँछ भनेर गरिएका भ्रमपूर्ण प्रचारलाई चिर्दै निर्वाचनको तयारीमा जुट्न सम्पूर्ण पार्टी पंक्तिलाई निर्देशन गरिन्छ ।

**४. विधान संशोधन सम्बन्धमा**

केन्द्रीय कमिटीको तेस्रो बैठकले नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को अन्तरिम विधान २०७५ मा दोस्रो र तेस्रो संशोधन गरेको छ । यी संशोधन सँगै अब पार्टी केन्द्रीय कमिटीको सदस्य संख्या १५०१ सदस्यीय भएको छ । रिक्त पदाधिकारीमा मनोनयन गर्ने अधिकार अध्यक्ष कमरेडलाई दिँदै उक्त मनोनयन केन्द्रीय कमिटीले अनुमोदन गरेपश्चात् कार्यान्वयनमा जाने प्रबन्ध गरिएको छ । अध्यक्ष पुष्पकमल दहाल 'प्रचण्ड' लाई दिइएको कार्यकारी अधिकार उहाँले एकीकरणका बाँकी काम सम्पन्न गर्ने दायित्व पूरा गर्न नसकेको, पार्टीको एकता महाधिवेशनको तयारीका काम अगाडि बढाउन नसकेको तथा पार्टी एकतालाई सुदृढ गर्नुभन्दा विभाजनकारी गतिविधिलाई प्रश्रय दिएको हुनाले फिर्ता



• धुम्बाराहीः फोनः +९७७ १ ४३७८०५५, ४३७८०९०, फ्याक्सः +९७७ १ ४०१५९८० • पेरिसडाँडाः फोनः +९७७ १ ४६०२२९०, ४६०२२८८, फ्याक्सः +९७७ १ ४६०२२८९
पोष्टबक्स नं. ५४७१, ईमेल : info@ncp.org.np, वेबपेजः www.ncp.org.np

गरिएको छ। पार्टी अध्यक्षका सबै कार्यकारी अधिकार अब प्रथम अध्यक्ष कमरेड केपी शर्मा ओलीमा निहित रहने छन्।

**५. पार्टी कामको संयोजनको जिम्मेवारी सम्बन्धमा**

पार्टीमा उत्पन्न विशेष परिस्थितिमा पार्टी कामको संयोजनका लागि देहायका कमरेडहरूलाई जिम्मेवारी प्रदान गरिएको छ। यो औपचारिक कार्यविभाजन नभएको हुनाले यस सम्बन्धमा यथाशीघ्र निर्णय गरिने छ। अर्को निर्णय नभएसम्म तोकिएका कमरेडहरूले आफ्नो कार्यक्षेत्रमा जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्नु हुन निर्देशित गरिन्छ।

१. प्रदेश नं १ - कमरेड सुवास नेम्बाङ
२. प्रदेश नं २ - कमरेड सत्यनारायण मण्डल
३. वागमती प्रदेश - कमरेड ईश्वर पोखरेल
४. काठमाण्डौ उपत्यका - कमरेड कृष्णगोपाल श्रेष्ठ
५. गण्डकी प्रदेश - कमरेड पृथ्वीसुब्बा गुरुङ
६. लुम्बिनी प्रदेश - कमरेड शङ्कर पोखरेल
७. कर्णाली प्रदेश - कमरेड मणिचन्द्र थापा
८. सुदूर पश्चिम प्रदेश - कमरेड लेखराज भट्ट
९. जनवर्गीय सङ्गठनहरूको संयोजन - कमरेड टोपबहादुर रायमाझी
१०. प्रवासी नेपाली सम्पर्क मञ्चहरूको समन्वय - कमरेड डा. राजन भट्टराई
११. पार्टी प्रवक्ता - कमरेड प्रदीप ज्ञवाली

**६. सङ्गठनात्मक व्यवस्थापनका सम्बन्धमा**

पार्टीमा उत्पन्न यस असहज अवस्थामा सङ्गठनात्मक कामको तात्कालिक व्यवस्थापन कमरेडहरूले देहाय बमोजिम गर्नु हुने छः

(क) कमिटीका अध्यक्ष यस अभियानको पक्षधर रहेका कमिटीहरूको तत्काल बैठक बसी पार्टी कामलाई गतिशील बनाउने।

(ख) कमिटीका अध्यक्ष यस अभियानको पक्षधर नभएको ठाउँमा सचिव भए उहाँको अगुवाइमा, अन्यथा पार्टीका जेष्ठ या वरिष्ठ सदस्यको अध्यक्षतामा बैठक बसी पार्टी कामलाई गतिशील बनाउने। एक तह माथीको कमिटी वा संयोजक कमरेडको निर्देशनमा भावी नेतृत्वका बारेमा आवश्यक निर्णय लिने।

(ग) जनसङ्गठनका हकमा पनि यस्तै विधि अवलम्बन गर्ने।

(घ) तत्काल कसैलाई कमिटीबाट नहटाउने तर आवश्यकता अनुसार कमिटीमा बढीमा ५० प्रतिशत सम्म सदस्य सङ्ख्या मनोनयनका लागि गृहकार्य गर्ने।



• धुम्बाराहीः फोनः +९७७ १ ४३७८०५५, ४३७८०९०, फ्याक्सः +९७७ १ ४०१५९८० • पेरिसडाँडाः फोनः +९७७ १ ४६०२२९०, ४६०२२८८, फ्याक्सः +९७७ १ ४६०२२८९
पोष्टबक्स नं. ५४७१, ईमेल : info@ncp.org.np, वेबपेजः www.ncp.org.np

**७. तत्काल गर्नु पर्ने कामहरूका सम्बन्धमा**

(क) माघको पहिलो साता भित्र जनसङ्गठनका केन्द्रीय बैठक र भेला आयोजना गर्ने ।

(ख) सोही अवधिभित्रै पार्टीका प्रदेशस्तरका बैठक र भेला सम्पन्न गर्ने ।

(ग) सोही अवधिमै पार्टीका जिल्ला, निर्वाचन क्षेत्र, पालिका र वडा तहका कमिटीका बैठक र भेला सम्पन्न गर्ने ।

(घ) पुस मसान्तभित्र जिल्ला समन्वय समिति महासङ्घ, नेपाल नगरपालिका सङ्घ र गाउँपालिका महासङ्घमा निर्वाचित हुनुभएका कमरेडहरूको अलग-अलग राष्ट्रिय भेला सम्पन्न गर्ने । ती भेलाहरूमा सम्बन्धित महासंघका पदाधिकारी तथा सदस्यहरू, नगर प्रमुख तथा उपप्रमुख, गाउँ पालिकाका अध्यक्ष तथा उपाध्यक्ष कमरेडहरूलाई सहभागि बनाउने ।

(ङ) पार्टी कार्यालय, अभिलेख र सम्पत्तिको रक्षा, खाताहरूको सुरक्षाका लागि विशेष योजना बनाउने र कार्यान्वयन गर्ने ।

(च) पार्टी अध्यक्ष एवं प्रधानमन्त्रीले 'प्रचण्ड' को आरोपपत्रको खण्डनका साथै केन्द्रीय सचिवालयमा पेश गर्नुभएको प्रस्ताव, प्रतिनिधिसभा विघटनपछि राष्ट्रका नाममा गर्नुभएको संवोधन र यसै अन्तरपार्टी निर्देशनमा उल्लेख गरिएका विषयहरूका आधारमा बुँदाहरू तयार गरी पार्टी पङ्क्ति र आम जनतालाई वर्तमान परिस्थिति र आगामी कार्यदिशाका सम्बन्धमा प्रशिक्षण र अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने र पार्टी पंक्ति तथा जनपंक्तिलाई स्पष्ट पार्ने ।

(छ) पार्टीको यस चुनौतीपूर्ण घडीमा आफ्नो कमिटी र मातहत कमिटीका व्यक्तिको भूमिका कस्तो छ, स्पष्ट अभिलेख राख्ने र त्यससम्बन्धी सूचना माथिल्लो कमिटीमा तत्काल पठाउने । कमरेडहरूलाई दृढतापूर्वक पार्टी निर्णय, सही विचार र सही नेतृत्वका वरिपरि गोलबन्द हुन प्रोत्साहन गर्ने, ढुलमूल अवस्थामा रहेका साथीहरूसँग सम्पर्क बढाएर उहाँहरूलाई स्पष्ट पार्ने र भ्रममा परेका साथीहरूलाई स्पष्ट पार्दै दायरा फराकिलो गर्ने ।

(ज) स्वस्थ वहस, गहन तर्क र शालीनताका साथ आफ्ना विषयबस्तुहरू सम्प्रेषण गर्ने । व्यक्तिगत आरोप-प्रत्यारोप, गालीगलौज या अशिष्ट र अमर्यादित भाषा शैली प्रयोग गर्नबाट आफू पूर्ण रुपले जोगिने, अरु कमरेडहरूलाई पनि त्यसो नगर्न प्रोत्साहन गर्ने । हामीले ख्याल गर्नै पर्छ- पार्टीको वर्तमान असामान्य अवस्थाका कारण पार्टी निर्माणका लागि साथीहरूसँगको वहस प्रमुख भए पनि हाम्रो प्रमुख प्रतिष्पर्धी पार्टी, प्रतिद्वन्द्वी शक्ति र अग्रगमनका वाधकहरू अरुहरू नै हुन् ।

(झ) आफ्नो प्रदेश, जिल्ला, निर्वाचन क्षेत्र र पालिकामा यस बीचमा (तीनवटै) सरकारको पहलमा भएका मुख्य विकास निर्माणका कामहरू, प्रमुख उपलब्धिहरू र जनसेवाका कामहरूको तथ्यगत पुस्तिका या प्रचार सामग्री तयार गरी जनताबीचमा स्थापित गर्ने । सरकारले केही पनि गरेन भनेर गरिएका कुप्रचारको खण्डन गर्ने । तीन वर्षको अवधिमा नेपाल सरकारले गरेका कामहरू समेटेर छिटै यस्तो पुस्तिका तयार गरी तल पठाइने छ, त्यसलाई महत्वपूर्ण प्रचार सामाग्री बनाउने ।



• धुम्बाराहीः फोनः +९७७ १ ४३७८०५५, ४३७८०९०, फ्याक्सः +९७७ १ ४०१५९८० • पेरिसडाँडाः फोनः +९७७ १ ४६०२२९०, ४६०२२८८, फ्याक्सः +९७७ १ ४६०२२८९
पोष्टबक्स नं. ५४७१, ईमेल : info@ncp.org.np, वेबपेजः www.ncp.org.np

(ञ) निर्वाचनको प्रारम्भिक तयारी (मतदाता नामावलीका क्षेत्रमा भइरहेका कामको अनुगमन, प्रतिष्पर्धीहरूको अवस्था र रणनीति, हाम्रा चुनौतीको आँकलन आदि) गर्ने ।

**८. प्रदेश सरकारका सम्बन्धमा**

केन्द्रमा प्रधानमन्त्रीलाई घेराबन्दी गर्दै काममा अवरोध खडा गर्ने साथीहरू यतिबेला कतिपय प्रदेशमा मुख्यमन्त्रीहरूका विरुद्ध अविश्वास प्रस्ताव राख्दै अस्थिरता सिर्जना गर्न उद्यत् छन् । यस्ता क्रियाकलापहरूले नवस्थापित सङ्घीय प्रणालीप्रति जनताको विश्वास टुटाउन र सङ्घीयता विरोधी पक्षहरूलाई उत्साहित गर्न सहयोग पुऱ्याइरहेका छन् । यस्ता गलत क्रियाकलापहरूको विरोध गर्दै प्रदेशहरूको विशिष्ट परिस्थिति अनुरुप प्रदेश सरकारको रक्षाका लागि पार्टीभित्र र बाहिरका सकारात्मक पात्र र शक्तिसंग आवश्यकता अनुसार समन्वय, परामर्श र सहयोग आदान प्रदान गर्ने । आवश्यकता अनुसार पार्टी केन्द्रमा परामर्श लिने ।

**९. केन्द्रीय कमिटीमा सदस्य मनोनयन तथा अनुमोदन सम्बन्धमा**

केन्द्रीय कमिटीको यस बैठकले अध्यक्ष कमरेड केपी शर्मा ओलीद्वारा मनोनित केन्द्रीय कमिटीका सदस्यहरूलाई अनुमोदन गर्ने निर्णय गरेको छ । अब पार्टी केन्द्रीय कमिटीको कूल सदस्य संख्या १५०१ भएको छ ।

**१०. प्रस्तावहरू सम्बन्धमा**

केन्द्रीय कमिटीको यस बैठकले विभिन्न समसामयिक विषयमा १६ बुँदे प्रस्ताव पारित गरेको छ । कमरेडहरूको जानकारीका लागि उक्त प्रस्तावहरू यसैसाथ अनुसूची- २ मा संलग्न गरिएको छ ।

कमरेडहरू ! देश, लोकतन्त्र र कम्युनिष्ट आन्दोलनका सामु आज एउटा नयाँ चुनौती खडा भएको छ । त्यसो त, नेपाल राष्ट्र, नेपाली जनता र नेपालको कम्युनिष्ट आन्दोलनले विगतमा धेरै पटक बाहिरबाट र आफै भित्रबाट समेत सिर्जना भएका अनेकौं चुनौतीहरूको सामना गर्दै यहाँसम्म आइपुगेका हुन् । यस पटक कम्युनिष्ट आन्दोलनभित्रको एउटा अवसरवादी, महत्वाकाङ्क्षी र स्वार्थकेन्द्रित प्रवृत्तिका कारण जननिर्वाचित निर्धारित समय अगावै प्रतिनिधिसभा विघटन हुने, नयाँ निर्वाचनमा जानु पर्ने र कम्युनिष्ट पार्टी एकीकरणको काम पूरा नहुँदै विभाजनको सँघारमा उभिने जटिल अवस्था सिर्जना भएको छ । तर हामी उच्च मनोबलका साथ अगाडि बढ्ने छौं, किनभने हाम्रा विचारहरू सही छन्, हामीले हिंड्न खोजेको बाटो सही छ । हामीले तीन वर्ष सरकारमा रहँदा र त्यसभन्दा अगाडि विभिन्न भूमिकामा रहँदा खेलेको भूमिकाप्रति हामीलाई गर्व छ । यसबीचमा देशले विभिन्न क्षेत्रमा महत्वपूर्ण उपलब्धि हासिल गरेको छ । पार्टीभित्रको अस्वस्थ प्रवृत्ति र नकारात्मक मनोविज्ञानका कारण ती उपलब्धिहरूलाई ओझेलमा पार्न खोजिए पनि हामी



• धुम्बाराहीः फोनः +९७७ १ ४३७८०५५, ४३७८०९०, फ्याक्सः +९७७ १ ४०१५९८० • पेरिसडाँडाः फोनः +९७७ १ ४६०२२९०, ४६०२२८८, फ्याक्सः +९७७ १ ४६०२२८९
पोष्टबक्स नं. ५४७१, ईमेल : info@ncp.org.np, वेबपेजः www.ncp.org.np

अब तिनलाई जनताका बीचमा स्थापित गर्ने छौँ । हामीले के गऱ्यौँ, के गरिरहेका छौँ र के गर्न चाहेका छौँ भन्ने कुराको समष्टिगत जानकारी सँगै जनतामा फैलाउन खोजिएको नकारात्मकता, घृणा र वितृष्णाको मनोविज्ञान चिरिँदै जाने छ । आन्दोलनको रक्षाका लागि लिनु परेको यस चुनौतीपूर्ण निर्णयको औचित्यबारे सार्वभौम नेपाली जनताले आवश्यक समझदारी राख्ने छन् र उचित फैसला गर्ने छन् । उच्च मनोबलका साथ अगाडि बढौँ ।

हार्दिक अभिवादन सहित,

**केपी शर्मा ओली**
**अध्यक्ष**




• धुम्बाराहीः फोनः +९७७ १ ४३७८०५५, ४३७८०९०, फ्याक्सः +९७७ १ ४०१५९८० • पेरिसडाँडाः फोनः +९७७ १ ४६०२२९०, ४६०२२८८, फ्याक्सः +९७७ १ ४६०२२८९
पोष्टबक्स नं. ५४७१, ईमेल : info@ncp.org.np, वेबपेजः www.ncp.org.np

**अनुसूची- १**

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) केन्द्रीय कमिटीको तेस्रो बैठक (२०७७ पुस ७, ९) बाट पारित प्रस्तावहरू:

१. यो बैठक नेपाल कम्युनिष्ट पार्टीका संस्थापक महासचिव कमरेड पुष्पलाल, जननेता मदन भण्डारी तथा प्रथम जननिर्वाचित कम्युनिष्ट प्रधानमन्त्री मनमोहन अधिकारी, कमरेड तुलसीलाल अमात्य, कमरेड निर्मल लामा, अग्रणी महिला नेतृ कमरेड साहना प्रधान लगायत कम्युनिष्ट आन्दोलनका सबै अग्रजहरूप्रति उच्च सम्मानभाव प्रकट गर्दछ। देश र जनताको हितका लागि शान्तिपूर्ण र सशस्त्र आन्दोलनमा सहभागी हुने क्रममा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने सबै ज्ञात अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ तथा उहाँहरूको आदर्शलाई सधैंभरि दृढतासाथ अनुशरण गरिरहने संकल्प गर्दछ।

२. यो बैठक केन्द्रीय कमिटीको दोस्रो बैठकपछि दिवंगत हुनुभएका केन्द्रीय सदस्य कमरेड कमानसिंह लामा, केन्द्रीय अनुशासन आयोगका सदस्य कमरेड वीरबहादुर ठगुन्ना, गुल्मी जिल्ला कमिटीका पूर्व अध्यक्ष एवं लुम्बिनी प्रदेश कमिटी सदस्य कमरेड बोमबहादुर खड्का, प्रतिनिधिसभा सदस्य माननीय सानु शिवा पहाडी, दांग जिल्ला कमिटीका संस्थापक सदस्य माणिकलाल गौतम, संविधानसभा सदस्य कमरेड मानपुर चौधरी, १ नं प्रदेश कमिटी सदस्य हंश राजवंशी, नेकपा सर्लाहीका नेता कमरेड ध्रुव गौतम, भारत प्रवास समन्वय कमिटीका सदस्य वसन्त अधिकारी लगायत कमरेडहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ।

३. यो बैठक सम्माननीय प्रधानमन्त्रीज्यूद्वारा यही २०७७ साल पुस ५ गते गरिएको प्रतिनिधिसभा विघटनको निर्णयलाई पार्टीका केही नेताहरूबाट आफ्ना निहित स्वार्थका लागि निरन्तर भइरहेको असहयोग, घेराबन्दी र षडयन्त्रलाई चिर्न र जनताको अभिमतलाई गलत ठाउँमा जान नदिन गरिएको वाध्यात्मक कदमका रुपमा ग्रहण गर्दछ। जननिर्वाचित सरकारलाई कामै गर्न नदिने, मुलुकको नेतृत्व गर्न प्राप्त ऐतिहासिक अवसरलाई आत्मसात नै गर्न नचाहने र अवसरवादी एवं स्वार्थकेन्द्रित गठबन्धनका बलमा मुलुकलाई अगाडि बढ्नै नदिने क्रियाकलापहरू लोकतन्त्रको मूल्यमान्यता विपरीत, जनआकांक्षा विपरीत तथा मुलुकलाई अन्त्यहीन अस्थिरतातिर धकेल्ने केही नेताहरूको क्रियाकलापहरूकै कारण यो स्थिति उत्पन्न भएको ठहर गर्दछ। नेपालको संविधानले मुलुकको सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा निहित रहेको कुरा स्पष्ट गरेको छ। त्यसैले सदनमा बहुमत प्राप्त दलबाट सर्वसम्मत रुपमा निर्वाचित दलको नेता र त्यसै हैसियतमा निर्वाचित प्रधानमन्त्रीले ताजा




• धुम्बाराही: फोन: +९७७ १ ४३७८०५५, ४३७८०९०, फ्याक्स: +९७७ १ ४०१५९८० • पेरिसडाँडा: फोन: +९७७ १ ४६०२२९०, ४६०२२८८, फ्याक्स: +९७७ १ ४६०२२८९
पोष्टबक्स नं. ५४७१, ईमेल : info@ncp.org.np, वेबपेज: www.ncp.org.np

जनादेशको माग गर्नु र सबै विषयहरूको छिनोफानो जनताको अभिमतबाट खोजिनु लोकतान्त्रिक, संविधानसम्मत र स्वाभाविक कदम रहेको ठहर गर्दछ ।

४. २०७५ साल जेठ ३ गते तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाल कम्युनिष्ट पार्टी ( माओवादी केन्द्र) एकीकृत भई बनेको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को केन्द्रीय कमिटी र अन्य नेतृत्वदायी कमिटीहरूको मूल दायित्व दुई वर्षभित्र एकता महाधिवेशन सम्पन्न गरी निर्वाचित कमिटीलाई नेतृत्व हस्तान्तरण गर्नु थियो । तर केही नेताहरूका पदीय आकांक्षा र स्वार्थकेन्द्रित गतिविधिका कारण कमिटीहरूले उक्त दायित्व पूरा गर्न नसकेको पृष्ठभूमिमा पार्टीका प्रथम अध्यक्षको हैसियतले केन्द्रीय कमिटी विस्तार गरी पार्टीमा नयाँ गति र जीवन दिन गर्नुभएको कमिटी विस्तारलाई यो बैठक अनुमोदन गर्दछ । नवनियुक्त सबै कमरेडहरूलाई बधाइ ज्ञापन गर्दै आफ्नो काँधमा आएको दायित्व पूरा गर्न सफलता प्राप्त होस् भन्ने शुभकामना व्यक्त गर्दछ । साथै केन्द्रीय कमिटीका सबै पदाधिकारी एवं सदस्य कमरेडहरूलाई कुनै पनि अन्यौल  र भ्रममा नपरी, कुनै पनि विभाजनकारी गतिविधिबाट टाढा रही एकतावद्ध भएर अगाडि बढ्न आह्वान गर्दछ ।

५. यो बैठक प्रतिनिधिसभा विघटन भई आगामी २०७८ साल वैशाखमा निर्वाचनको मिति घोषणा भइसकेको र मुलुक निर्वाचन उन्मुख भइसकेको परिप्रेक्ष्यमा सबै मातहत कमिटीहरू, जनवर्गीय र सरोकार संगठनहरू, पार्टी सदस्यहरू, जनप्रतिनिधिहरू एवं सम्पूर्ण पार्टी पंक्तिलाई एकढिक्का भएर निर्वाचनको तयारीको मुख्य एजेण्डामा केन्द्रित भएर पूर्ण गतिशीलता र शक्तिका साथ परिचालित हुन आह्वान गर्दछ ।

६. यो बैठक करिब तीन वर्षको अवधिमा दूरगामी महत्वका विकास कार्य, रणनीतिक पूर्वाधारहरूको निर्माण, सामाजिक न्याय र सुरक्षाको विस्तार, संविधान एवं संघीयताको कार्यान्वयन, राष्ट्रियताको  सुदृढीकरण एवं नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारका क्षेत्रमा सरकारले गरेका महत्वपूर्ण कामहरूलाई उच्च मूल्यांकन गर्दछ । ती कार्यहरूलाई जनताबीच स्थापित गर्ने, सुरु भएका कामलाई सफल पार्ने र थप जनपक्षीय कार्यहरू गर्दै पार्टी र पार्टी नेतृत्वको सरकारलाई सामाजिक आर्थिक रुपान्तरणको नायकका रुपमा स्थापित गर्ने संकल्प गर्दछ ।

७. यो बैठक हालै  सम्पन्न निर्वाचनमा नेपाल संयुक्त राष्ट्र संघको मानव अधिकार परिषद्मा पुनर्निर्वाचित भएकोमा खुशी तथा सन्तोष व्यक्त गर्दछ । त्यसै गरी संयुक्त राष्ट्र संघको महिलामाथि हुने विभेद उन्मूलन सम्बन्धी कमिटी (सिड कमिटी) मा नेपालका तर्फबाट प्रस्तुत उम्मेदवार दोस्रो पटक उच्च मतका साथ निर्वाचित भएकोमा बधाइ ज्ञापन गर्दछ ।



• धुम्बाराहीः फोनः +९७७ १ ४३७८०५५, ४३७८०९०, फ्याक्सः +९७७ १ ४०१५९८० • पेरिसडाँडाः फोनः +९७७ १ ४६०२२९०, ४६०२२८८, फ्याक्सः +९७७ १ ४६०२२८९
पोष्टबक्स नं. ५४७१, ईमेल : info@ncp.org.np, वेबपेजः www.ncp.org.np

८. यो बैठक कोभिड संक्रमणका कारण ज्यान गुमाउनु हुने सबैमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै उपचार गराइरहनु भएका सबैको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछ। कोभिड १९ को विश्वव्यापी महामारीबाट सिर्जित चुनौतीलाई सामना गर्ने सम्बन्धमा सरकारले चालिरहेका कदमहरूलाई समर्थन गर्दै कोभिड भ्याक्सिनको यथाशीघ्र आपूर्ति गर्न र सबै नेपालीलाई प्राथमिकताका आधारमा र निशुल्क रुपमा खोप उपलव्ध हुने गराउन सरकारसँग आग्रह गर्दछ। कोभिड १९ को महामारीबाट प्रभावित निजी र सार्वजनिक क्षेत्रलाई राहत र पुनर्स्थापनाका प्याकेजहरू उपलव्ध गराएर आर्थिक पुनरुत्थान गर्न, रोजगारी गुमाई फर्किएका युवाहरूलाई स्वदेशमै रोजगारी उपलव्ध गराउन र महामारीका कारण जनतामा गरिबी र अभावको थप मार पर्न नदिन आवश्यक कदम चाल्न सरकारको ध्यानाकर्षण गर्दछ। खोप उपलव्ध नहुँदासम्म स्वास्थ्य सुरक्षा मापदण्डको सबैले पालना गरी महामारी विरुद्धको यस लडाइँमा निर्णायक विजय हासिल गर्न सबैलाई आवश्यक सहयोगका लागि आह्वान गर्दछ।

९. यो बैठक चिनी उद्योगसँग उखु बिक्री गरेबापत् प्राप्त गर्नु पर्ने वक्यौता रकम प्राप्त गर्न तराई मधेसका विभिन्न जिल्लाबाट काठमाडौं आई शान्तिपूर्ण धरनामा बस्नु भएका उखु किसानहरूको सबै रकम उद्योगीहरूबाट अविलम्ब चुक्ता गराउने प्रबन्धका लागि सरकारलाई थप प्रभावकारी पहल गर्न माग गर्दछ।

१०. यो बैठक प्रतिनिधिसभा विघटन भई मुलुक निर्वाचनतिर उन्मुख भइसकेको परिप्रेक्ष्यमा राज्यका सबै अंगहरूलाई शान्ति सुरक्षा, अमन चयन र सुशासनका क्षेत्रमा पूर्ववत् र अझ प्रभावकारी काम गर्न आह्वान गर्दै शान्ति, स्थायित्व र लोकतान्त्रिक प्रणालीलाई कमजोर गर्ने कुनै पनि कदमप्रति सजग हुन आह्वान गर्दछ।

११. यो बैठक नेपालको वास्तविक भूभाग समेटेर नयाँ प्रशासनिक राजनीतिक नक्सा प्रकाशन गरेको र त्यसलाई संविधानको अनुसूचीमा रहेको निशान छापमा प्रतिविम्बित गर्न अभूतपूर्व राष्ट्रिय एकता कायम गर्दै संविधान संशोधन गर्न सफल भएकोमा सम्माननीय प्रधानमन्त्रीज्यू र नेपाल सरकारलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछ। यस प्रक्रियामा सहभागी भई योगदान गर्नु हुने सबै राजनीतिक दल, संघीय संसदका माननीय सदस्यहरू, अभियन्ताहरू, सञ्चारमाध्यम र सबै देशभक्त नेपालीहरूलाई धन्यवाद ज्ञापन गर्दछ। नेपालको भूभागमा नेपालको स्वामित्व सुनिश्चित हुने गरी सीमा समस्याको समाधान गर्न थप प्रभावकारी कुटनीतिक पहलका लागि सरकारलाई अनुरोध गर्दै सरकारलाई यस दिशामा सफलता प्राप्त होस् भन्ने शुभकामना व्यक्त गर्दछ।



• धुम्बाराही: फोन: +९७७ १ ४३७८०५५, ४३७८०९०, फ्याक्स: +९७७ १ ४०१५९८० • पेरिसडाँडा: फोन: +९७७ १ ४६०२२९०, ४६०२२८८, फ्याक्स: +९७७ १ ४६०२२८९
पोष्टबक्स नं. ५४७१, ईमेल : info@ncp.org.np, वेबपेज: www.ncp.org.np

१२. यो बैठक एसिड आक्रमण जस्तो जघन्य अपराध एवं महिलामाथि हुने यौनजन्य हिंसा र बलात्कारको रोकथाम तथा त्यस्ता अपराधमा संलग्न दोषीहरूलाई कडा कार्बाही गर्न सरकारले हालै जारी गरेका अध्यादेशहरूको समर्थन गर्दै यस्ता अपराध रोकथामका लागि प्रशासनलाई थप कडाइ गर्न आह्वान गर्दछ ।

१३. यो बैठक सबै राजनीतिक दलहरूलाई आम निर्वाचनको यस अभियानमा स्वस्थ बहस र प्रतिष्पर्धाका साथ सहभागी भई लोकतान्त्रिक प्रणालीलाई सुदुढ गर्न आह्वान गर्दछ । राज्यका सबै संस्थाहरू, निजामति र सुरक्षा अंगहरू, प्रदेश सरकार र प्रदेशसभा एवं स्थानीय तहहरू आआफ्ना क्षेत्रमा कर्त्तव्य निर्वाह गर्दै क्रियाशील भइरहेको, जनतामा उन्नत लोकतान्त्रिक चेतना रहेको वर्तमान परिवेशमा लोकतान्त्रिक प्रणाली कमजोर हुन्छ कि भन्ने कुनै पनि आशंका निराधार रहेको कुरामा विश्वस्त हुन आग्रह गर्दछ । परिवर्तनका पक्षधर सबै वामपन्थी, देशभक्त र लोकतान्त्रिक शक्तिहरूलाई आपसी संवाद, समझदारी कायम गर्दै अगाडि बढ्न आग्रह गर्दछ । हाम्रो पार्टी र सरकार नेपालको संविधान, संघीय लोकतान्त्रिक गणतन्त्र तथा परिवर्तनका उपलब्धिहरूको रक्षा एवं विकासका लागि कृतसंकल्पित रहेको विश्वास दिलाउन चाहन्छ ।

१४. यो बैठक नेपालको विकास र समृद्धिमा छिमेकी लगायत सबै मित्र राष्ट्रहरूबाट प्राप्त निरन्तरको सद्भाव र सहयोगका लागि आभार र कृतज्ञता ज्ञापन गर्दै नेपाल राजनीतिक स्थायित्व, सामाजिक आर्थिक रुपान्तरण र समृद्धिका दिशामा अविचलित ढंगले अगाडि बढ्ने र मित्र राष्ट्रहरूबाट आगामी दिनमा पनि नेपालप्रति यस्तै सद्भाव र सहयोग प्राप्त भइरहने विश्वास व्यक्त गर्दछ ।

१५. यो बैठक विप्लव समूहद्वारा मोरंगको मिक्लाजुंग गाउँपालिकामा शिक्षक राजेन्द्र श्रेष्ठको अत्यन्त निर्ममतापूर्वक गरिएको हत्याको निन्दा र भर्त्सना गर्दै दिवंगत राजेन्द्र श्रेष्ठप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ ।

१६. यो बैठक केन्द्रीय कमिटीको यस बैठकलाई सहजतापूर्वक सम्पन्न गर्न सहयोग गर्ने सबै स्वयंसेवकहरू, सुरक्षाकर्मीहरू तथा हाम्रा समाचार र विचारलाई महत्वका साथ जनताबीच सम्प्रेषित गर्ने सबै सञ्चारकर्मी साथीहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।



• धुम्बाराहीः फोनः +९७७ १ ४३७८०५५, ४३७८०९०, फ्याक्सः +९७७ १ ४०१५९८० • पेरिसडाँडाः फोनः +९७७ १ ४६०२२९०, ४६०२२८८, फ्याक्सः +९७७ १ ४६०२२८९
पोष्टबक्स नं. ५४७१, ईमेल : info@ncp.org.np, वेबपेजः www.ncp.org.np